आज मिति २०८२ पुस २३ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८२ पुस २३ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १

यस गाउँपालिकाको आर्थिक बर्ष २०८२।८३ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्यान्वयन भईरहेका आयोजनाहरुको हाल सम्मको कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो। हाल सम्म पनि सम्झौता तथा काम सुरु हुन बाँकी आयोजनाहरुलाई यथाशिघ्र कार्य कार्यान्वयन गर्न निर्देशन दिइयो।

निर्णय नं. २

थलारा गाउँपालिका विपद व्यवस्थापन समितिको आर्थिक बर्ष २०८१।८२ को बार्षिक प्रतिवेदन आगामी गाउँसभा समक्ष पेश गर्न स्वीकृति दिने।

निर्णय नं. ३

थलारा गाउँपालिका वडा नं ४ गडीगाउँ गोत्राडी टोलमा राष्ट्रिय विघुत लाइन विस्तार हुन बाँकी रहेकोले विघुत लाइन विस्तारका लागि स्थानीयवासीहरुले पटक पटक माग राख्दै आएको साथै आन्दोलनका कार्यक्रम गरेकोमा गाउँपालिकाले विघुत विस्तारको पहल गरिदिने प्रतिवद्धता जनाएको हुँदा हाल विघुत प्राधिकरणसँग तार अभाव भएको भनी विघुत विस्तार गर्न नसकेको हुँदा स्थानीयबासीहरुको गुनासो सम्बोधन गर्न तत्काल विघुत प्राधिकरणसँग पोल माग गरी तत्काल पालिकाकै बजेटवाट तार खरिद गरी विघुत विस्तार अगाडी बढाउने।

निर्णय नं. ४

यस थलारा गाउँपालिका अन्तर्गत २०८० असोजको बझाङ भूकम्प र त्यसपछिका विभिन्न विपद्का घटनाबाट क्षति भएका निजी आवासहरुको गत आ.व. २०८१।८२ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणवाट खटि आएका प्राविधिक टोलीबाट विस्तृत क्षति आंकलन (Detailed Damage Assessment) हुँदा छुट हुने गएका र उक्त प्रतिवेदनमा चित्त नबुझाइ पुनः मूल्यांकन गरी पाउँ भनी निवेदन दिएका समेत गरी करिब ६५० भन्दा बढी घरधुरीको निजी आवासहरु विस्तृत क्षतिको आंकलन (Detailed Damage Assessment) गर्न आवश्यक भएकोले प्राविधिक टिम खटाइ पठाइदिन हुन भनी श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई पत्राचार गर्ने।

निर्णय नं. ५

थलारा गाउँपालिका वडा नं ४ को आधारभूत स्वास्थ्य सेवा केन्द्र महेन्द्रधारमा सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने।

२०८२।९।२३

प्रमाणित